**लागत साझेदारीमा पशुपन्छी प्रवर्धन कार्यक्रम संचालन सम्वन्धी सूचना**
**हेटौडा उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय, हेटौडा**
**प्रथम पटक सूचना प्रकाशित मिति** २०७७/०७/०२ गते

आर्थिक वर्ष २०७७।०७८ को स्वीकृत वार्षिक कार्यक्रम वमोजिम तपशिलमा उल्लेख भए वमोजिमको लागत साझेदारीमा पशुपन्छी प्रवर्धन कार्यक्रम संचालन प्रकृया २०७७ वमोजिम लागत साझेदारीमा कार्य गर्न इच्छुक सहकारी संस्था कृषक समुह समितिहरुले यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन कार्यालय समय भित्र प्रस्ताव सहितको निवेदन दर्ता गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ । प्रस्ताव दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट दर्ता गर्न सकिने छ । साथै रित नपुगेको वा म्याद नाघी प्राप्त हुन आएको निवेदनहरु छनोटको लागि समावेश नहुने ब्यहोरा समेत जानकारी गराइन्छ ।

**लागत साझेदारीमा गरिने कार्यक्रमहरु**

| सि.नं. | कार्यक्रम | संख्या | उपमहानगरपालिकावाट ब्यहोरिने प्रति पशु साझेदारी रकम (८० %) | कृषकहरुको सहभागिता (२० %) | कैफियत |
|---|---|---|---|---|---|
| १ | लागत साझेदारीमा गाई प्रवर्धन कार्यक्रम | ७५ वटा | ४३,२००।०० (त्रिचालिस हजार दुई सय) | १०८००।०० | संघीय तथा प्रदेश सरकारको शसर्त अनुदान बाट |
| २ | लागत साझेदारीमा वंगुर प्रवर्धन कार्यक्रम | ३०० वटा | रु.५०००।०० (पांच हजार मात्र) | १०००।०० | |
| ३ | लागत साझेदारीमा वाखा प्रवर्धन कार्यक्रम | १३० वटा वाखा | रु.९,६००।०० (नौ हजार छ सय मात्र) | रु.२४००।०० | |
| | वोयर वोकाको पाठो न्युनतम ३० केजीको | वयर जातको वोका ५ वटा | रु.३८,४००।०० (अठतिस हजार चार सय) | रु.९६००।०० (नौ हजार छ सय) | |

निवेदन र संक्षिप्त कार्य योजनाको ढांचा तथा कार्यक्रम संचालन प्रकृया यस उपमहानगरपालिकाको वेवसाइट **www.hetaudamun.gov.np** वाट डाउन लोड गर्न सकिनेछ वा सम्वन्धित वडा कार्यालयवाट प्राप्त गर्न सकिनेछ । अन्य थप जानकारीको लागि फोन नं.०५७५२५८३९ मा सम्पर्क गर्नु हुन अनुरोध छ ।

१. आवेदकले प्रस्ताव पेश गर्दा मांग गरेको पशु पन्छी, प्रति समुहका सदस्यहरुले पालन गरेको प्रजनन् योग्य पशु पन्छी संख्या न्यूनतम २५ (पच्चीस वटा) हुनु पर्ने,

२. प्रति समुह सदस्यले न्यूनतम प्रति जर्सी वा होलिस्टन गाई रु.५४,०००।०० (चवन्न हजार), वंगुर ६,०००।०० (छ हजार) र वाखा न्यूनतम २० केजी तौलको प्रति गोटा रु.१२,०००।०० (वाह्र हजार) मुल्य, वोयर वोकाको पाठो न्यूनतम ३० केजी तौल वरावरको प्रति गोटा न्यूनतम रु.४८,०००।०० (अठचालिस हजार) मुल्य वरावरको खरिद गर्नु पर्ने र प्रति पशुपन्छीको यस सूचनामा तोकिएको मुल्यको ८० प्रतिशत रकम यस कार्यालयवाट उपलब्ध गराइनेछ ।

३. आवेदक समुह सदस्यको प्राविधिक दृष्टिकोणले मांग भएको पशुपन्छी पालनको लागि उपयुक्त गोठ हुनु पर्ने,

४. खरिद गरिएको पशुपन्छी फरक पालिका वा जिल्लाको हुने पर्ने